# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।०५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

केदारेश्वर उच्च माध्यमिक विद्यालय, लाना, डोटीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण बहादुर बोहराले भवन निर्माण र छात्रबृत्तिको रकम हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा साविक जिल्ला शिक्षा कार्यालय डोटीले निकासा गरेको रकम र विद्यालय आन्तरिक स्रोतको गरी जम्मा रु. ४१,५४,५००।— तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण बहादुर बोहराले पेश्की लिएको रकमबाट निर्माण भएको कामको साविकको जिल्ला शिक्षा कार्यालय, डोटीले रु. ३१,०९,९४५।— बराबरको मूल्याङ्कन गरेको र स्थलगत निरीक्षणको क्रममा गरिएको मूल्याङ्कनबाट रु. ३१,१६,०५६।५९ बराबरको कार्य भएको र निजले विद्यालयको खातामा रु. ३,०८,५००।— जम्मा गरेको देखिंदा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण बहादुर बोहराले रु. ७,२९,९४६।४१ (सात लाख उनान्तीस हजार नौ सय छयालीस रुपैयाँ एक चालीस पैसा) हिनामिना गरेको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर गरेको देखिंदा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण बहादुर बोहराले हिनामिना गरेको बिगो रु. ७,२९,९४६।४१ कायम गरी निजलाई सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला